बैठक नं. ३१

आज मिति २०७५/०५/२१ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | " | |
| ५ | लाल प्रसाद वस्याल | " | |
| ६ | टंक प्रसाद पराजुली | " | |
| ७ | तेज बहादुर सुनार | " | |
| ८ | जगदिश चन्द्र आचार्य | " | |
| ९ | कमल प्रताप थापा | " | |
| १० | भिम बहादुर श्रेष्ठ | " | |
| ११ | बिष्णु बहादुर थापा | " | |
| १२ | पदम बहादुर थापा | " | |
| १३ | रामचन्द्र क्षेत्री | " | |
| १४ | दुर्गा प्रसाद सुवेदी | " | |
| १५ | नारायण प्रसाद पुन | " | |
| १६ | दधिराम न्यौपाने | " | |
| १७ | डम्मर बहादुर भण्डारी | " | |

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १८ | राम प्रसाद रेग्मी | " | |
| १९ | सन्त बहादुर राना | " | |
| २० | हुमनाथ आचार्य | " | |
| २१ | हिम बहादुर खत्री | " | |
| २२ | डिल प्रसाद नेपाली | " | |
| २३ | रन्जित शेरचन | " | |
| २४ | माया देवी वराल (बिश्वकर्मा) | " | |
| २५ | बिमला श्रेष्ठ | " | |
| २६ | सिता कुमारी थापा | " | |
| २७ | शुष्मा कुमारी अर्याल | " | |
| २८ | बिष्णु कुमारी शर्मा | " | |
| २९ | राजनकुमार बि.सी. | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | |

३० चिन बहादुर गुरुङ, का. वा. वडाध्यक्ष

३१ पद्म बराल का. वा. वडाध्यक्ष

प्रस्ताव नं. ३१.१

कार्य विभाजन नियमावली, २०७५ सम्बन्धमा ।

निर्णय नं. ३१.१

बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन हुने काम कारवाहीहरुको कार्य विभाजन गरी तदनुरुपको कार्य जिम्मेवारी दिई जवाफदेही तथा व्यवस्थित र पारदर्शी बनाई सेवामा गुणस्तरीयता कायम गर्नका लागि नगर कार्यपालिकाको कार्यालयबाट आजको बैठकमा प्रस्तुत हुन आएको कार्य विभाजन नियमावली, २०७५ माथि छलफल गरियो । सो सम्बन्धमा प्रस्ताव भए बमोजिमको संगठन संरचना सहित उक्त कार्य विभाजन नियमावली २०७५ पारित गरी लागु गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३१.२

कार्य सम्पादनमा आधारित भत्ता कार्यविधि, २०७५ सम्बन्धमा ।

निर्णय नं. ३१.२

आजको बैठकमा प्रस्ताव भइ आएको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३१.३

अस्थायी दरबन्दी स्वीकृत सम्बन्धमा ।

निर्णय नं. ३१.३

कर्मचारी समायोजन प्रक्रियाले पूर्णता पाइ नगर सभाद्वारा संगठन अध्ययन प्रतिवेदन बमोजिमको दरबन्दी एवं संगठन संरचना पारित गरी कार्यान्वयन हुदाँका बखत सोहि बमोजिम हुने गरी हालको बढ्दो कार्यबोझ एवं संविधान र कानून प्रदत्त काम कर्तव्य, अधिकारको कार्यान्वयन गर्न र सेवा प्रवाहलाई गतिशिल, स्तरीय र सरल बनाउन देहाय बमोजिमका तहका पदहरुको अस्थायी दरबन्दी स्वीकृत गरी सेवा प्रवाहलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

देहाय

| | |
|---|---|
| १. इलेक्ट्रोनिक/इलेक्ट्रिक इन्जिनियर/सिभिल | -२ जना |
| २. ओभर सियर (सहायक स्तर पाँचौं तह) | -३ जना |
| ३. रेन्जर (वन प्राविधिक) सहायक स्तर पाँचौ तह | -१ जना |
| ४. सव ओभर सियर (ल्याब टेक्निसियन सहायक समेत) सहायक स्तर चौथो तह | -४ जना |
| ५. कम्प्युटर अपरेटर (सहायक स्तर चौथो तह) | -४ जना |
| ६. अमिन (सहायक स्तर चौथो तह) | -२ जना |
| ७. अ.न.मी/सि.एम.ए. (सहायक स्तर चौथो तह) | -२ जना |
| ८. नगर प्रहरी | -७ जना |

ताव नं. ३१.४

जाँचपास तथा फरफारक समिति गठन सम्बन्धमा ।

निर्णय नं. ३१.४

यस बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन एवं कार्यान्वयन भई सम्पन्न भएका आयोजनाहरुको जाँचपास तथा फरफारक गर्नुपर्ने कानूनी व्यवस्था भएको हुदाँ आयोजना जाँचपास तथा फरफारक प्रयोजनका लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री दधिराम न्यौपाने | -वडाध्यक्ष वडा नं. १४ | -संयोजक |
| श्री पदम थापा | -वडाध्यक्ष वडा नं. १० | -सदस्य |
| श्री हुमनाथ आचार्य | -वडाध्यक्ष वडा नं. १८ | -सदस्य |
| श्री विमला श्रेष्ठ | -कार्यपालिका सदस्य | -सदस्य |
| श्री सुस्मा अर्याल | -कार्यपालिका सदस्य | -सदस्य |
| श्री रञ्जित शेरचन | -कार्यपालिका सदस्य | -सदस्य |
| श्री सुमन श्रेष्ठ | -वरिष्ठ इन्जिनियर | -सदस्य सचिव |

प्रस्ताव नं. ३१.५

राजश्वका क्षेत्र छुट र दररेट समायोजन सम्बन्धमा ।

निर्णय नं. ३१.५

प्रस्ताव बमोजिमको राजश्व क्षेत्र छुट र दररेट समायोजन तथा कर शुल्कका सम्बन्धमा विभिन्न राजनैतिक दल एवं व्यावसायिक संघ संस्थाबाट प्राप्त ध्यानाकर्षणका सम्बन्धमा प्रतिनिधिमूलक ढंगबाट सम्बन्धित पक्षसँग छलफल गरी प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री गुमादेवी आचार्य | -उप-प्रमुख | -संयोजक |
| श्री टंक प्रसाद पराजुली | -वडाध्यक्ष वडा नं. ४ | -सदस्य |
| श्री जगदिश चन्द्र आचार्य | -वडाध्यक्ष वडा नं. ६ | -सदस्य |
| श्री नारायण प्रसाद पुन | -वडाध्यक्ष वडा नं. १३ | -सदस्य |
| श्री राम प्रसाद रेग्मी | -वडाध्यक्ष वडा नं. १६ | -सदस्य |
| श्री डिल प्रसाद नेपाली | -कार्यपालिका सदस्य | -सदस्य |
| श्री विष्णु प्रसाद ज्ञवाली | -उप-सचिव (लेखा) | -सदस्य सचिव |

प्रस्ताव नं. ३१.६

अव्यवस्थित बसोबास कार्यदलको म्याद थप सम्बन्धमा ।

निर्णय नं. ३१.६

अव्यवस्थित बसोबास तथा सार्वजनिक जग्गा संरक्षण कार्यदलले लगत संकलन लगायतका काम सम्पन्न गरी जग्गा नाप जाँच एवं अभिलेखिकरण गर्ने जस्ता कार्यहरु सम्पन्न भई नसकेको हुँदा उक्त बाँकी कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्न आजको मितिले थप ९ (नौं) महिना कार्यदलको समयावधि थप गर्ने र उक्त कार्यका लागि आवश्यकतानुसार स्वीकृत बजेट बमोजिम परामर्श सेवा खरिद गर्ने समेत निर्णय गरियो ।

प्रस्ताव नं. ३१.७
आ.व. ०७४/०७५ को आर्थिक विवरण सम्बन्धमा ।
निर्णय नं. ३१.७
यस बुटवल उप-महानगरपालिकाको आ.व. ०७४/०७५ को देहाय बमोजिमको वासलात, आय व्यय र नगद प्रवाह विवरण आजको बैठकमा प्रस्तुत भई जानकारी भयो ।
देहाय

## बुटवल उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, बुटवल रुपन्देही
## ५ नं.प्रदेश,नेपाल
## वासलात
## आषाढ ३२,२०७५ (१६ जुलाई,२०१८)

| विवरण | अनुसूची | ०७५ आषाढ मसान्त सम्म | ०७४ आषाढ मसान्त |
|---|---|---|---|
| | | रकम | रकम |
| *बिभिन्न श्रोत तथा दायित्वहरु :* | | | |
| नगरपालिका कोष | १ | ५४१,१६५,७६६.४२ | ४६८,३७४,५९९.१३ |
| पुजिगत जगेडा कोष | | ४४,८०७.७१ | ५६,००९.६३ |
| प्रकोप व्यवस्थापन कोष | | १,६०८,३०८.२७ | १,६४७,५५४.६३ |
| बारुणयन्त्र संचालन तथा व्यवस्थापन कोष | | ८९९,०८९.०७ | २१५,०४२.३५ |
| वातावरण संरक्षण विशेष कोष | | २,८८८,७९७.५८ | २,३१७,०११.१७ |
| अटो इन्स्टिच्यूट विषेष कोष | | ५९६,१३२.३१ | ३८९,४६१.७४ |
| गाँउ नगर साझेदारी कार्यक्रम व्याज कोष | २ | १,८१७,६७४.७८ | १,८१७,६७४.७८ |
| मर्मत सम्भार कोष | ३ | ११,३७५,५०९.८२ | १४,४३०,६१९.८२ |
| अक्षयकोष दायित्व | ४ | ४,७१३,३६२.५० | ५,७८१,१०७.९९ |
| दीर्घकालिन ऋण | ५ | ७१,९११,९३९.४२ | ५९,१८२,८४७.४२ |
| *चालु दायित्व तथा व्यवस्थाहरु :* | | | |
| फिर्ता गर्न बाँकी धरौटी रकम | ६ | ३६,३९८,५३२.९३ | २६,३५४,७३३.५१ |
| कर्मचारी कल्याण कोष दायित्व | | ५४,६६५,७३६.८६ | ४१,५२९,५६८.८३ |
| शैक्षिक विकास कोष दायित्व | | १६,६४८,२७२.५९ | १५,९९०,९७५.१५ |
| भुक्तानी गर्नुपर्ने रकम | ७ | १०,६४५,४०१.५७ | २१,५१७,९२४.०० |
| अग्रिम आयकर,धरौटी कट्टी जम्मा गर्न बांकी | | ४०५,५२४.०० | -- |
| पेश्की व्यवस्था | ८ | ६६८,००४.८६ | ६७८.८०८.८९ |

| | | | |
|---|---|---|---|
| *जम्मा दायित्व :* | | ७५६,४५२,८६०.६९ | ६६०,२८३,९३९.०४ |
| *विभिन्न सम्पत्ति तथा उपयोगहरु :* | | | |
| स्थिर सम्पत्तिहरु | ९ | ४७२,३४५,१७१.३१ | ४५६,७२३,१०७.५९ |
| खानेपानी संस्थानलाई दिएको सापटी रकम | | ५,०००,०००.०० | ५,०००,०००.०० |
| *चालु सम्पत्तिहरु :* | | | |
| फछर्यौट हुन बाँकी पेश्कीहरु | १० | ८८,०४१,३०४.८६ | ५२,५९०,२२२.८९ |
| बैंक मौज्दात | ११ | १८५,१७५,४३६.५२ | १४०,१५७,१६५.५६ |
| ऋण लगानी | १२ | २५२,९४८.०० | २५५,४४३.०० |
| टेलिफोन धरौटी | | ८९,०००.०० | ८९,०००.०० |
| कर्मचारी सापटी | | २,७४९,०००.०० | २,६६९,०००.०० |
| उजिरसिंह अटोभिलेज कम्पनीमा शेयर लगानी | १३ | २,८००,०००.०० | २,८००,०००.०० |
| *जम्मा सम्पत्ति :* | | ७५६,४५२,८६०.६९ | ६६०,२८३,९३९.०४ |

## बुटवल उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, बुटवल रुपन्देही
### आय व्यय हिसाब
### (मिति २०७४ श्रावण १ गतेदेखि २०७५ आषाढ ३२ गते सम्मको)

| विवरण | अनुसूची | ०७५ आषाढ मसान्त रकम | ०७४ आषाढ मसान्त रकम |
|---|---|---|---|
| *आम्दानीहरु :* | | | |
| स्थानीय कर आम्दानी | १४ | १२९,५१३,४३७.६६ | ७०,९४०,३५९.८८ |
| सेवा शुल्क | १५ | २५,२२१,५९९.०९ | २८,६७६,१५७.३५ |
| दस्तुर | १६ | ४०,६३२,६५७.५० | ३३,९९९,०८१.२० |
| बिकी | १७ | ९६२,२५७.१५ | - |
| श्रोत परिचालन | १८ | १,३०६,०३२.०० | १,२६०,१३९.०० |
| साँवा ब्याज लाभाँश तथा बोनश | १९ | - | - |
| अन्य आय | २० | २२,२९०,२७३.१९ | ३३,६८१,१५१.९२ |
| नेपाल सरकारबाट प्राप्त अनुदान | २१ | ७७०,३८२,००५.८३ | ३१४,९४०,५३१.३१ |
| जि.स.स.बाट प्राप्त अनुदान | २२ | - | २८,४६५,६२६.०० |
| अन्य अनुदान | २३ | ३२,३८९,९१०.४९ | ३४,२३३,०७८.५१ |
| जि.स.स. राजश्व बाँडफाँडबाट प्राप्त आय | २४ | ३३९,७३१.०० | २०,४०९,५९८.०० |
| स्थानीय उपभोक्ताको सहभागिता रकम | | ११२,०३१,५९४.२८ | ७३,९४४,२८५.५८ |
| *जम्मा आम्दानी (क)* | | १,१३५,०६९,४९८.१९ | ६४०,५५०,००८.७५ |
| *खर्चहरु :* | | | |
| व्यवस्थापन तथा संचालन खर्च | २५ | २८३,१६५,१७३.६५ | २५३,७८२,४३६.७९ |
| फिर्ता सम्पूरक,शहरी पूर्वाधार, प्रबर्द्धनात्मक तथा लक्षित समुह कार्यक्रम खर्च | २६ | ७६७,४६३,८३०.८९ | ३३५,७००,०६०.२९ |
| मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना | २७ | ६,६६१,१९४.०० | ३७,३४८,८८४.६९ |
| स्थिर सम्पत्तिको ह्रासकट्टी | २८ | ४,९८८,१३२.३६ | ४,९९५,१९७.७७ |
| *जम्मा खर्च (ख)* | | १,०६२,२७८,३३०.९० | ६३१,८२६,५७९.५४ |
| खुद बचत वासलातमा सारेको(क)-(ख) | | ७२,७९१,१६७.२९ | ८,७२३,४२९.२१ |

बुटवल उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय,बुटवल रुपन्देही

५ नं. प्रदेश,नेपाल

मिति २०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्त सम्मको–

नगद प्रवाह विवरण (Cash Flow Statement)

| विवरण | आ.व. २०७४/०७५ को रकम | आ.व. २०७३/०७४ को रकम |
|---|---|---|
| **कार्यालय सञ्चालनमा नगद प्रवाह** | | |
| यस वर्षको विभिन्न स्रोतमा भएको खुद बचत/(घाटा) | ७२,७९१,१६७.२९ | ८,७२३,४२९.२१ |
| जोड : ह्रास कट्टी | ४,९८८,१३२.३६ | ४,७७९,४०४.७७ |
| **कार्यशिल पूँजिमा परिवर्तन अधिको नगद नाफा** | ७७,७७९,२९९.६५ | १३,५०२,८३३.९८ |
| **समायोजन : चालु पूँजिमा परिवर्तन :** | | |
| फिर्ता गर्न बाकी धरौटीमा परिवर्तन | १०,०४३,७९९.४२ | ३,९३९,०५६.०० |
| कर्मचारी कल्याण कोषमा दायित्वमा परिवर्तन | १३,१३६,१६८.०३ | ६,३३१,४७१.७६ |
| भुक्तानी गर्नुपर्ने रकममा परिवर्तन | (१०,८७२,५२२.४३) | (७४९,४९०.००) |
| पेश्की ब्यवस्थामा परिवर्तन | (१०,८०४.०३) | (५१,८४२.५६) |
| फछ्यौंट हुन बाकी पेश्कीमा परिवर्तन | (३५,४५१,०८१.९७) | (१०,९२०,०५७.४४) |
| अग्रिम आयकर कट्टी जम्मा गर्न बांकीमा परिवर्तन | ४०५,५२४.०० | (१२८,३५४.००) |
| ऋण लगानी परिवर्तन | २,४९५.०० | १०,०००.०० |
| कर्मचारी सापटीमा परिवर्तन | (८०,०००.००) | (३५०,०००.००) |
| उजिरसिंह अटोभिलेज कंपनीमा शेयर लगानीमा परिवर्तन | – | – |
| **कार्य सञ्चालनबाट खुद नगद प्रवाह (क)** | ५४,९५२,८७७.६७ | ११,५८३,६१७.७४ |
| **(ख) लगानीमा नगद प्रवाह :** | | |
| स्थिर सम्पत्ति खरिद | (२०,६२१,३९८.००) | (५,६३२,८४१.००) |
| **(ग) वित्तीय कारोवारमा नगद प्रवाह :** | | |
| नगरपालिकाको कोषमा थप/कमि | – | – |
| टेलिफोन धरौटीमा परिवर्तन | – | – |
| प्रकोप ब्यवस्थापन कोषमा परिवर्तन | (३९,२४६.३६) | १,५४१,३२१.३९ |
| गाउनगर साझेदारी कार्यक्रम ब्याजकोषमा थप | – | – |
| मर्मत संभारकोषमा परिवर्तन | (३,०५५,११०.००) | ५,०३३,००६.०० |
| बारुणयन्त्र संचालन तथा ब्यवस्थापन कोष | ६८४,०४६.७२ | (२११,३७४.४९) |
| बातावरण संरक्षण विशेष कोष | ५७१,७८६.४१ | (७६५,१५७.३४) |
| अटो ईन्ष्टिच्युट बिशेष कोष | २०६,६७०.५७ | (१५,७१२.१६) |
| अक्षयकोष दायित्वमा परिवर्तन | (१,०६७,७४५.४९) | ३१२,४२३.१२ |
| शैक्षिक विकास कोष दायित्वमा परिवर्तन | ६५७,२९७.४४ | १,५४८,८५६.७१ |

| | | |
|---|---|---|
| अग्रिम आम्दानी | - | (१,८०१,१११.००) |
| दीर्घकालिन ऋणको भुक्तानीमा परिवर्तन | १२,७२९,०९२.०० | २०,९०८,०३६.७८ |
| **शुद्ध कोष प्रवाह: जम्मा (क)+(ख)+(ग)** | ४५,०१८,२७०.९६ | ३२,५०१,०६५.७५ |
| **शुरुको नगद तथा बैंक  मौज्दात** | १४०,१५७,१६५.५६ | १०७,६५६,०९९.८१ |
| **अन्तिम बैंक मौज्दात** | १८५,१७५,४३६.५२ | १४०,१५७,१६५.५६ |

**प्रस्ताव नं. ३१.८.१ विविध**

**कालिका मानव ज्ञान क्याम्पस सम्बन्धमा ।**

**निर्णय नं. ३१.८.१**

कालिका क्याम्पस बुटवल-१० को जग्गा माग सम्बन्धमा छलफल गर्दा बुटवल १० स्थित कालिका मानव ज्ञान मा.वि. (तत्कालिन मानव ज्ञान निम्न माध्यमिक विद्यालय)को हक भोग संरक्षणमा रहि नापी कार्यालय रुपन्देहीको फिल्ड बुकमा मानव ज्ञान निम्न माध्यमिक विद्यालय वडा नं. १२ हाल १० कि.नं. १७ नक्शा सिट नं. ०९८११९९२० जनिएको जग्गा हाल कालिका मानव ज्ञान माध्यमिक विद्यालय सेक्टर २ ले कालिका क्याम्पस बुटवल-१० लाई क्याम्पस भवन निर्माण एवं सञ्चालन गर्ने प्रयोजनका लागि उल्लेखित कि.नं. मध्ये भवनको पश्चिम तर्फ ज.वि. ०-१०-० (दश कठ्ठा) जग्गा लिजमा लिन दिनका लागि सहमति सिफारिस माग भई सम्बन्धित वडा समिति समेतबाट सिफारिस भई आएको देखियो । यस सम्बन्धमा प्रचलित कानून बमोजिम विद्यालयको जग्गा लगायतका अचल सम्पत्ति हस्तान्तरण वा लिज वहालमा लगाउनु नेपाल सरकारको पूर्व स्वीकृति आवश्यक देखिएको हुँदा नेपाल सरकारको पूर्व स्वीकृतिका लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३१.८.२**

**भवन अभिलेखीकरण शुल्क सम्बन्धमा ।**

**निर्णय नं. ३१.८.२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम एक पटकका लागि नक्सा पास गर्न ३५ दिनको सूचना प्रकाशित भई पर्न आएको निवेदन/नक्सा (अभिलेखीकरण) को नक्सा पास वा अभिलेखीकरण गर्दा देहाय बमोजिमको अवस्थामा देहाय बमोजिमको शुल्क लिई नक्सा शुल्क वा अभिलेखीकरण शुल्क लिने निर्णय गरियो ।

(क) मापदण्ड बमोजिम नक्सा पास गर्न नमिल्ने फुस, टहरा, टिन, खपटाले छाएका कच्चि घरहरुको त्यस्तो घर जग्गाको विवरण (जग्गा धनी/घरधनीको नाम, घरको लम्बाई, चौडाई, उचाई, क्षेत्रफल, घरको फोटो समेत) को विवरण राखि सम्बन्धित वडा कार्यालयबाटै तेस्रो नगरसभाद्वारा पारित आर्थिक ऐनको अनुसूची १५ को १ बमोजिमको रु.१,०००।- (एक हजार) शुल्क मात्र लिई अभिलेखीकरण प्रमाण पत्र उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(ख) अभिलेखीकरण गर्ने उल्लेखित प्रकृतिका कच्ची बाहेकका पक्की संरचनाको नियमित नक्सा पास शुल्क मात्र लिई अभिलेखीकरण गर्ने व्यवस्था मिलाउने ।

(ग) उल्लेखित अवस्था बाहेक नक्सा पास हुनेका अवस्थामा नियमित नक्सा पास शुल्क मात्र लिई नक्सा पास गर्ने व्यवस्था मिलाउने ।

प्रस्ताव नं. ३१.८.३

वडा नं. १२ र १३ को सिमाना सम्बन्धमा ।

निर्णय नं. ३१.८.३

वडा नं. १२ र वडा नं. १३ को वडा सिमानाका सम्बन्धमा थप स्पष्टता आवश्यक भएको हुँदा अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री दुर्गा सुवेदी | -वडाध्यक्ष वडा नं. १२ | -संयोजक |
| श्री नारायण प्रसाद पुन | -वडाध्यक्ष वडा नं. १३ | -सदस्य |
| श्री चारपाला सा.वन उ.स.का | -अध्यक्ष | -सदस्य |
| श्री जितेश्वरी सा.वन उ.स.का | -अध्यक्ष | -सदस्य |
| श्री सुमन श्रेष्ठ | -वरिष्ठ इन्जिनियर | -सदस्य सचिव |

प्रस्ताव नं. ३१.८.४

ठेक्का रकम सम्बन्धमा ।

निर्णय नं. ३१.८.४

बुटवल उप-महानगरपालिका वडा नं. १२ स्थित नयाँगाउँ र वडा नं. १७ मोतिपुर स्थित साप्ताहिक हाटबजार सञ्चालन व्यवस्थापनको (आ.व. ०७५/०७६ र ०७६/०७७ दुई आर्थिक वर्षको) आय ठेक्का बन्दोबस्तीका लागि वडा नं. १२ नयाँगाउँ हाटबजारको न्यूनतम ठेक्का अंक रु. ९,००,०००/- (नौ लाख मात्र) र वडा नं. १७ मोतिपुर हाटबजारको न्यूनतम अंक रु. ६,००,०००/- (छ लाख मात्र) तोकि कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।